


# अनौपचारिक श्रम: वनजङ्गल तथा सम्वद्ध क्षेत्र

## व्यवसायजन्य सुरक्षा र स्वास्थ्य

# तालिम पुस्तिका

प्रकाशक

बिडब्लुआई आवद्ध समिति, नेपाल

२०६९

# तालिम पुस्तिका सम्बन्धमा

नेपालको वनजङ्गल तथा वनसँग सम्बन्धित उद्योग/प्रतिष्ठानमा कार्यरत कामदार/कर्मचारीहरूको चेतना अभिबृद्धि गर्ने, कार्यवस्थामा सुधारको आवश्यकता र अवसरहरूको पहिचान तथा व्यवसाजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी क्षमता विकास गर्ने उद्देश्यले यो तालिम पुस्तिका तयार गरिएको हो ।

व्यवसायजन्य रोग, जोखिम तथा खतराहरूका बारेमा श्रमिकहरूलाई जानकार बनाउने, तालिम/प्रशिक्षण दिने र श्रमिकहरू कै संलग्नतामा जोखिम तथा खतराहरूको न्यूनीकरण र रोकथामका लागि विद्यमान अवस्थामा सुधारको लागि विकल्पहरू तयार गर्न यो पुस्तिका सहयोगी सिद्ध हुने छ ।

यस पुस्तिकाको प्रयोग खासगरी वन तथा वनमा आधारित उद्योग/प्रतिष्ठानमा कार्यरत श्रमिकहरूको चेतना अभिवृद्धी गर्न प्रयोग गरिने छ । यस पुस्तिकामा वन क्षेत्रका आम श्रमिकहरूलाई लक्षित गरि तयार गरिएको हुनाले आधारभूत तहको जानकारीहरू मात्र समावेश गरिएको छ ।

नेपालमा यस किसिमको तालिम पुस्तिका प्रथम पटक तयार गरिएको हुँदा थुप्रै विषयवस्तु अपुग हुन सक्छ । यद्यपि, यसमा वन संरक्षणको महत्व र श्रमिकका हक अधिकारसँग सम्बन्धित विषयहरू समेत समावेश गरिएको हुँदा यस तालिम पुस्तिकाको प्रयोगकर्ताले समुचित ज्ञान प्राप्त गर्ने अपेक्षा गरिएको छ ।

यो तालिम पुस्तिका मात्र नभई तालिमको स्रोत पुस्तिकाको रूपमा तयार गरिएको छ । यस स्रोत पुस्तिकाको प्रयोगकर्ताले विषयवस्तुलाई तालिमको समय, सहभागीहरूको आवश्यकता र अनुभवको आधारमा सत्र योजनाहरू निमार्ण गर्न सक्ने छन् । यद्यपि पुस्तिकाको प्रयोग सरल तथा सहज बनाउनको लागि तालिम सत्रको सामान्य रूपरेखा अन्तिम खण्डमा समावेश गरिएको छ ।

मुलत यो पुस्तिका वनको दीगो व्यवस्थापन र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसँग सम्बन्धित विषयलाई लक्षित गरी तयार गरिएको छ । सप्रसँग प्रचलित कानूनले प्रत्याभूत गरेको श्रमिकका आधारभूत सुविधा तथा हक/हित सम्बन्धी विषय समेत संक्षिप्त रूपमा समावेश गरिएकोले वन श्रमिकहरूको लागि थप उपयोगी सावित हुने विश्वास लिईएको छ ।

धन्यवाद

- भोला भट्टराई
- जनक चौधरी

# पाठ – एक

## १. वनजङ्गल तथा यस सम्बन्धित क्षेत्रका श्रमिकको चिनारी

नेपालमा हालसम्म वन श्रमिकको बारे स्पष्ट परिभाषा गरिएको पाईदैन । यद्यपि विभिन्न अध्ययन तथा अनुसन्धानको आधारमा वन श्रमिक भन्नाले वनसँग सम्बन्धित काम गर्ने, वन संरक्षण कार्यमा संलग्न श्रमिक र वनमा आधारित उद्योगहरू जस्तै : काठमा आधारित उद्योगहरू (स-मिल, फर्निचर काठको उपचार कार्य आदि) एवं गैर काष्ठजन्य उद्योगहरू (जस्तैः-जडिबुटी तथा सुगन्धित औषधीजन्यवस्तु)मा कार्यरत कामदारहरू र वन र यससँग सम्बन्धित क्षेत्रमा संलग्न कामदारहरू (जस्तैः-नीजि, सरकारी निकाय तथा गैर-सरकारी संघ-संस्थामा संलग्न) वन श्रमिकको रूपमा चित्रण गरिएको पाईन्छ ।

वन र वन सम्वद्ध पेशा र व्यवसायमा संलग्न खासगरी अनौपचारिक क्षेत्रका श्रमिकहरूको हक हितको लागि हालसम्म सरकारी तथा गैर सरकारीतहबाट काम हुन नसकेको सन्दर्भमा अनौपचारिक क्षेत्रका श्रमिकहरूको सुरक्षा र स्वास्थ्य सम्बन्धमा श्रमिकहरूमा सचेतना जागृत गर्नको लागि यो पाठ्यक्रम तयार पारिएको हो । यसले श्रमिकहरूको आफ्नो समस्या तथा आवश्यकताहरू भन्न सक्ने क्षमता अभिवृद्धिमा समेत टेवा पुऱ्याउने अपेक्षा गरिएको छ ।

वनजंगल तथा वनजन्य पेशामा संलग्न श्रमिक भन्नाले जो वनको संरक्षण, सम्वर्द्धन र व्यवस्थापन काय गर्ने, काठ, दाउरा, जडिवुटी सङ्कलन गर्ने पेशामा संलग्न मानिसहरू हुन । जसले वनजंगलको संरक्षणदेखि काष्ठ र गैर काष्ठबाट वस्तु उत्पादन तथा सेवा प्रदान गरी ज्याला आर्जन गर्छन त्यस्ता मानिसलाई वन श्रमिक भनिन्छ । यसलाई सरल रूपमा बुझ्न वन श्रमिकहरूको वर्गिकरण सहितको जानकारी निम्नानुसार छ ।

नेपालको श्रम ऐन २०४८(स.स.)मा "कामदार"को परिभाषा यसरी गरेको छ । "कामदार" भन्नाले प्रतिष्ठानको उत्पादन कार्य वा सेवा प्रदान गर्ने कार्य वा सो कार्यको निमित्त प्रयोग भएको घर जग्गा वा मेशिनरी वा त्यसको कुनै भागमा कार्य गर्ने वा त्यस्तो कार्यसँग सम्बन्धित काम वा अरु कुनै आकस्मिक काम गरे वापत पारिश्रमिक दिई काम लगाइएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले पिसरेट, ठेक्का वा करार अर्न्तगत काम गर्ने कामदारलाई समेत जनाउँछ" । यो परिभाषाले संगठित उद्योग/प्रतिष्ठान बाहेक अन्य क्षेत्रमा कार्यरतको श्रमिकहरूको परिकल्पना नै नगरेको स्पष्ट हुन्छ ।

## वन श्रमिक र कार्यक्षेत्रको जोखिम

| वन श्रमिकको प्रकार | जोखिमका सामान्य क्षेत्र तथा रूप |
|---|---|
| वन संरक्षणमा काम गर्ने श्रमिक | भीरबाट लड्ने सम्भावना, आफूले प्रयोग गर्ने हतियारले काटिने, जङ्गली जनावरबाट हुनसक्ने आक्रमण,सर्प-बिच्छी जस्ता परजीविहरूको डसाई, गुण्डाहरूबाट हुनसक्ने आक्रमण आदि । |
| काठ-दाउराको कटानी-ढुवानी | काठले चेप्न सक्ने, काठ उछिट्टिएर चोट लागि अङ्गभङ्ग हुने आदि । |
| काठ कटानी, चिरानी एवं वस्तु उत्पादनको काम गर्ने | औजारको प्रयोग गर्दा हुने दुर्घटना (काट्ने, ठोक्किने, आँखामा कण पर्ने), धुलोले निम्त्याउने रोगको खतरा, आराहरू चुडिएर हुने दुर्घटना, केमिकलको प्रयोग गर्दा हुने स्वास्थ्यमा असर आदि । |

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

| | |
|---|---|
| जडिबुटी संङ्कलन गर्ने । | लड्ने, घरेलु हतियारबाट चोटपटक लाग्ने, विषालु प्रजातिबाट हुने हानी आदि । |
| वन पेशामा संलग्न औपचारिक क्षेत्रका श्रमिक (सरकारी, गैर सरकारी) | वन सर्वेक्षणमा जाँदा जङ्गली जनावरबाट हुन सक्ने आक्रमण, सर्प-बिच्छी जस्ता विषालु परजीवी आदिको डसाई, काठ तथा जनावरको चोरी-तस्करी गर्नेहरूबाट हुन सक्ने आक्रमण आदि । |

# २. नेपालको वन सम्बन्धी संक्षिप्त परिचय

नेपालको वन ऐन २०४९ अनुसार वन भन्नाले पूर्ण वा आंशिक रूपमा रुखहरूले ढाकिएको क्षेत्रलाई बुझाउँदछ ।

वन ऐन अनुसार वनलाई नीजि र राष्ट्रिय वन गरी मूलरूपमा दुई प्रकारले व्याख्या गरिएकोछ ।

**क) नीजि वन** : प्रचलित कानून वमोजिम कुनै व्यक्तिको हक पुग्ने नीजि जग्गामा लगाइ हुर्काएको वा संरक्षण गरिएको वन ।

**ख) राष्ट्रिय वन** : नीजि वन बाहेक नेपाल राज्यभित्रको वन सिमानामा लगाइएको वा नलगाइएको सबै वनलाई बुझाउँछ, र सो शब्दले वनले घेरिएको वा वनको छेऊछाऊमा रहेको प्रति वा ऐलानी जग्गा तथा वनभित्र रहेको बाटो, पोखरी ताल वा खोला नाला र बगर समेतलाई जनाउँछ । नेपालको वन सम्बन्धी कानून अनुसार राष्ट्रिय वनलाई निम्न पाँच समूहमा वर्गीकरण गरिएको छ ।

**ग) सामुदायिक वन** : सामुहिक हितको लागि वनको विकास, संरक्षण र उपयोग गर्न उपभोक्ता समूहलाई सुम्पिएको राष्ट्रिय वन हो । पछिल्लो तथ्याङ्क अनुसार हाल नेपालमा १७८०८ वटा सामुदायिक वन समुहहरूले १३ हजार हेक्टर वनक्षेत्र सामुदायिक वनको रूपमा व्यवस्थापन गरिरहेका छन् ।

**घ) कबुलियती वन** : कुनै संस्था वा वन पैदावरमा आधारित उद्योग वा समुदायलाई कबुलियती वनको रूपमा प्रदान गरिएको राष्ट्रिय वनलाई बुझाउँछ । हालसम्म सरकारले ३,४३९ कबुलियती वन समूह गठन गरी १६,१६८ हेक्टर वनक्षेत्र कबुलियती वनको रूपमा हस्तान्तरण गरिसकेको छ ।

**ङ) धार्मिक वन** : वनको विकास र उपयोग गर्न धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको वन हो ।

**च) संरक्षित वन** : वातावरणीय, वैज्ञानिक वा सांस्कृतिक महत्त्वको ठानी सरकारले घोषित गरेको वन हो ।

**छ) सरकारद्वारा व्यवस्थित वन** : सरकारको प्रत्यक्ष व्यवस्थापनमा रहेको राष्ट्रिय वन हो ।

माथि उल्लेख गरिए बाहेक पनि नेपालमा राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु आरक्ष ऐन २०२९ र अन्य नीति र नियमावली अनुसार वन व्यवस्थापन भइ रहेको छ । वन नीति सन् २००० मध्यवर्ति क्षेत्र व्यवस्थापन लगायत व्यवस्था बमोजिम **मध्यवर्ति वन समूह** मार्फत वन संरक्षण कार्य भईरहेको छ भने साझेदरी वन निर्देशिकाको आधारमा तराईका चाक्ला वन क्षेत्रहरूका **साझेदारी वन व्यवस्थापन समूह**हरू मार्फत व्यवस्थापन भईरहेका छन् ।

## वन व्यवस्थापन तथा वनमा कार्यरत श्रमिक

| वन | संख्या | क्षेत्रफल | घरधुरी | जनसंख्या |
|---|---|---|---|---|
| नीजि वन | २४०२ | २३३३३ | | |
| संरक्षित वन | ३१ | ३४००५ व. की. मी. | | |
| सामुदायिक वन | १४४३९ | १२२९६७० | १६५९७७५ | |
| सरकारद्वारा व्यवस्थित वन | | १०४४४६७ | | |
| कबुलियती वन | ३४३९ | १६१६८ | | ३२०४९ |
| धार्मिक वन | ५७४ | | | |
| साझेदारी वन | २३ | ८१७६२ | ४६०७३९ | |

DOF 2067/68

# ३. वनजङ्गलमा काम गर्ने श्रमिकका समस्या

विश्वका धेरै देशहरूमा वनजङ्गल तथा यससँग सम्बन्धित काम अत्यन्तै जोखिमपूर्ण पेशाको रूपमा लिइन्छ । विश्वमा बढ्दो दुर्घटना र व्यवसायजन्य रोग न्यूनीकरणका लागि अनेकौं प्रयत्न भइ रहेकाछन् । तथ्यहरूले के देखाउँछ भने वनजङ्गल तथा यससँग सम्बन्धित पेशामा काम गर्ने श्रमिकका लागि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य प्रवर्द्धन गर्ने कुरा सम्भव छ । हाम्रो देशमा वनजङ्गलमा काम गर्ने श्रमिकका लागि आवश्यक नीति नियमको अभावका कारण श्रमिकहरू बढी जोखिममा परेकाछन् । यस क्षेत्रमा काम गर्ने श्रमिकहरूको चेतना जागृत गर्न नसक्दा व्यवसायजन्य दुर्घटना र रोगको सिकारहुन बाध्य भएकाछन् ।

वनजङ्गलमा काम गर्ने श्रमिकहरूको सुरक्षा र स्वास्थ्यको हेरचाह गर्ने, उनीहरूलाई वन, वातावरण एवं जैविक विविधताको बारेमा तालिम प्रशिक्षण दिने काम आज अनिवार्य बनेको छ । यस क्षेत्रमा क्रियाशील संघसंस्थाहरूले गरिरहेको प्रयास अपर्याप्त रहेको छ । वनजङ्गलको काममा ठूलो सङ्ख्यामा कार्यरत रहेका श्रमिकहरूको हक र हितको रक्षा गर्न आवश्यक ऐन/नियम निमार्ण गर्न आवश्यकछ।

वन जङ्गलको काममा कार्यरत श्रमिकहरूले व्यवसायको प्रकृति अनुसार फरक-फरक जोखिम व्यहोर्नु परिरहेको छ । वन जङ्गलमा जाँदा जङ्गली जनावरले आक्रमण गर्न सक्ने, सर्प, विच्छीले टोक्न सक्ने जोखिम एकातर्फ छ भने अर्को तर्फ कटानी-चिरानीमा संलग्न श्रमिकहरूलाई असुरक्षित कार्यथलो र अवैज्ञानिक औजारका कारण दुर्घट्नामा पर्न सक्ने अधिक जोखिमको सामना गर्नु परिरहेको छ । यस्तो समस्याको समाधान गर्न वन क्षेत्रमा कार्यरत श्रमिक सम्बन्धी कानून निमार्ण गर्नुपर्छ । त्यसको लागि संगठित तथा एकीकृत आवाजको खाँचो छ । यो काम ट्रेड यूनियनहरूको प्रयासले मात्र पूरा हुन सक्छ । त्यसैले वनजङ्गलको काममा कार्यरत श्रमिकहरूलाई संगठित गर्ने र व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी तालिमको माध्यमबाट श्रमिकहरूलाई जागरुक तथा एकतावद्ध बनाइ व्यवसाजन्य सुरक्षा तथा स्वास्थ्य बारे सचेतना कार्यक्रम सञ्चालन गरि जोखिम न्यूनीकरण तथा दुर्घटना रोकथाममा सहयोग पुऱ्याउन श्रम निरिक्षकको व्यवस्था गर्न आवश्यक छ ।

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

## ४. वन पेशासँग सम्बन्धित प्रमुख क्षेत्रहरू

### क) वन संरक्षण अर्न्तगत

- सङ्कलन सम्बन्धी कार्य (जडिबुटी, विउ, पात,पतिङ्गगर, दाउरा आदि)
- नर्सरी व्यवस्थापन तथा वृक्षारोपण ।
- वनको गोडमेल, हाँगा काट्ने आदि ।
- रुख काट्ने ढाल्ने, लोड अनलोड गर्ने ।
- गोलिया तथा चिरान र काठ काट्ने ।
- काठ ढुवानी गर्ने ।
- आगलागी नियन्त्रण गर्ने ।
- चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण ।
- वन जङ्गलको संरक्षण ।
- वन्यजन्तु संरक्षण तथा स्थानान्तरण ।
- मानव र वन्यजन्तु बीचको द्वन्द्व न्यूनीकरण आदि ।

### ख) वन उद्यम अन्तर्गत

- प्रशोधन
- मेशिनको प्रयोग
- सरसफाई
- प्याकिङ्ग, प्याकेजिङ
- प्रवर्द्धन तथा विज्ञापन
- बजारीकरण आदि

## ५. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अवधारणा

व्यवसायन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी अवधारणा रोवर्ट आर्नरको “मानिस मूख्य मेशिन हो, यसको संरक्षण गर” भन्ने भनाइबाट विकसित भएको पाइन्छ । सन् १७८४ मा म्यानचेष्टरका श्रमिकहरूमा माहामारी फैलिएपछि शुरु भएको अनुसन्धानले व्यवसायजन्य रोग बारे ध्यान दिनुपर्ने कुरालाई महत्व प्रदान गरेको पाइन्छ । सन् १८४२ बाट व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी अवधारणाले विधिवत रूपमा मान्यता पाएको हो ।

सन् १९४४ मा फिलाडेल्लफियामा सम्पन्न अन्तर्राष्ट्रिय श्रम संगठन (आइएलओ) को सम्मेलनले घोषणा पत्र जारी गरेपछि व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी विषयले विश्वव्यापी रूपमा मान्यता पाएको हो ।

हरेक देशमा यसको कार्यान्वयन फरक समय र तरिकाले हुँदै आएको छ । संसारका विभिन्न देशमा विभिन्न समयमा घटेका ठूल–ठूला व्यवसायिक दुर्घटनापछि मात्र यसको रोकथामतिर पहल भएको पाइन्छ ।

## ६. व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको अर्थ र परिभाषा

हरेक व्यक्ति आफ्नो व्यक्तित्व विकास तथा परिवारको आवश्यकता पूरा गर्न, आय आर्जनको लागि कुनै न कुनै पेशामा संलग्न रहेको हुन्छ । ज्याला लिएर होस वा मुनाफा कमाउन होस जसले जे काम गर्छ उसको लागि त्यही नै पेशा वा व्यवसाय हो । हरेक व्यवसायमा संलग्न मानिसलाई व्यवसायको प्रकृति अनुसार अनेक प्रकारका व्यवसायजन्य रोग लाग्ने सम्भावना रहेको हुन्छ । तर अधिकांश मानिस पेशागत रूपमा उत्पन्न हुन सक्ने जोखिम तथा रोगका बारेमा अनभिज्ञ रहेको पाइन्छ । यही कारण व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यका बारेमा ध्यान दिएको पाइदैंन । जसको कारण अल्पकालीन तथा दीर्घकालीन रूपमा हानी एवं असर पर्न सक्ने विभिन्न हानिकारक तत्त्वहरूको स्रोत न्यूनीकरणलाई वेवास्ता गरिन्छ ।

असुरक्षित व्यवसायिक वातावरण र विभिन्न हानिकारक तत्त्वहरूबाट जनधनको सुरक्षा गर्न र त्यस्ता हानिकारक तत्त्वहरूको असरलाई न्यून गर्दै स्वस्थ र सुरक्षित कार्यपद्धती विकास गर्ने प्रकृया स्थापित गर्नका लागि क्रमशः विकास भएको अवधारणालाई व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य भनिन्छ ।

कतिपय विषय यस्ता हुन्छन्, झट्ट सुन्दा अनावश्यक जस्तो लाग्छ । वर्तमान समयमा यस्तै विषयभित्र पर्छ व्यवसायजन्य सुरक्षा र स्वास्थ्य पनि । यो विषय कतिपय मानिसहरूलाई त अनावश्यक वकवास जस्तो पनि लाग्न सक्छ । हाम्रो समाजमा यसैपनि स्वास्थ्य सम्बन्धी चर्चा कम मात्र हुने गर्छ । व्यवसायजन्य रोगको बारेमा त झन नगन्य मानिसहरूको मात्र चासोको विषय बनेको छ ।

नेपालमा प्रतिवर्ष करिब एक हजार कामदार व्यवसायजन्य दुर्घटनामा पर्ने र एकसय जनाले ज्यान गुमाउने गरेको तथ्य सार्वजनिक भएको छ । खासगरी व्यवसायजन्य दुर्घटना र रोगका कारण हुने हानीले व्यक्ति, परिवार र सिङ्गो देशलाई नै नोक्सान पुऱ्याउने गर्दछ । यो जटिल विषय भएकोले एक पटक भनेको वा सुनेको आधारमा मानिसहरूले गम्भीरता पूर्वक लिदैनन् । त्यसैले पटक पटक भनिरहनु पर्छ ।

## ७. व्यवसायजन्य रोग तथा अन्य रोग

व्यवसायजन्य रोग भन्नाले व्यक्ति जुन काम गर्छ, त्यही काम कै कारणले उत्पन्न हुने वा लाग्ने रोगलाई व्यवसाजन्य रोग भनिन्छ । विभिन्न जोखिमहरूको सम्पर्कमा आएपछि कामदारहरूमा अनेकथरीको व्यवसायिक रोग देखा पर्न सक्छ । कार्यवस्थाको कारणबाट शरीरको अङ्गहरूले काम गर्न नसक्नु वा स्वस्थ नहुनुलाई व्यवसायिक रोग भन्ने बुझिन्छ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)ले व्यवसायिक रोगहरूलाई रोगहरूको समूह भनी पहिचान गरेको छ । व्यवसायजन्य रोग लाग्नुमा व्यवसायिक वातावरणले पार्ने प्रभाव र निरन्तर रूपमा काममा व्यतित गरेको समयको आधारमा रोगहरूलाई चार समूहमा विभाजन गरेको छ ।

- रोगहरूको शुरुवात व्यवसायकै कारणबाट भएको छ ।
- रोगहरू लाग्नुको कारणहरू मध्ये प्रमुख कारण व्यवसायिक वातावरण हो ।
- रोगहरू लाग्नमा वा बढाउनमा व्यवसायिक वातावरणले सहायता गर्छ ।
- रोगहरू जसको पूर्वावस्थालाई बढावा दिनुमा व्यवसायिक कारणले भूमिका खेल्छ ।

---

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

व्यवसाजन्य रोग एउटै कार्यवातावरणमा काम गर्ने सबैलाई एकै पटक देखा पर्छ भन्ने छैन । हरेक मानिसमा स्वास्थ्य समस्या देखा पर्न विभिन्न कारक तत्त्वहरूको भूमिका रहन्छ । तल केही यस्ता कारक तत्त्वहरू उल्लेख गरिएको छ, जसले स्वास्थ्यलाई निरन्तर प्रभाव पारिरहेको हुन्छ ।

व्यवसायको प्रकृति, मानिसले अपनाउने व्यक्तिगत कार्यशैली अनुसार स्वास्थ्य समस्या देखा पर्न सक्छ । काठको उपचारको लागि रसायन उद्योगमा काम गर्ने श्रमिकहरूलाई एक प्रकारको रोग लाग्न सक्छ भने स-मिल तथा फर्निचर उद्योगमा काम गर्ने श्रमिकलाई अर्को प्रकारको रोग लाग्न सक्छ । जस्तै रसायनको सम्पर्कमा रहने कामदारलाई फोक्सो सम्बन्धी रोग लाग्न सक्ने सम्भावना बढी रहन्छ भने स-मिलमा काम गर्ने श्रमिकलाई श्रवण शक्ति क्षण हुने जोखिम बढी हुन्छ ।

नेपालको वनजङ्गलमा काम गर्ने श्रमिकहरूलाई यस्तै रोग लाग्न सक्छ भनेर तथ्यगत रूपमा प्रमाणित गरिएको पाँइदैन । यसको गहन खोज र अनुसन्धानको आवश्यकता छ । तर आम रूपमा व्यवसायजन्य रोग तथा अन्य रोगको विशेषता निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

| **व्यवसायजन्य रोग** | **अन्य रोग** |
|---|---|
| • व्यवसायजन्य रोग लाग्न सक्ने सम्भावना पहिचान गर्न सकिन्छ । | • रोग लाग्ने सम्भावनाहरूको पहिचान गर्न सकिदैन । |
| • व्यवसायजन्य रोग लाग्न सक्ने सम्भावनालाई न्यूनीकरण गर्न सकिन्छ । | • रोग लागेपछि मात्र रोगको पहिचान गर्न सकिन्छ । |
| • व्यवसायजन्य रोग लागेपछि औषधी उपचारबाटपूर्ण रूपमा निको पार्न सकिदैन । | • रोग पहिचान भएपछि औषधी उपचारबाट निको पार्न सकिन्छ । |

# पाठ – दुई

## ८. कार्यप्रकृति तथा ध्यान दिनुपर्ने पक्ष

उत्पादन, उत्पादकत्व र श्रमिकहरूको सुरक्षा र स्वास्थ्यको लागि सुरक्षित कार्यथलो अत्यन्त महत्वपूर्ण पक्ष हो । कार्यथलोको उचित व्यवस्थापन नभएकै कारण धेरै दुर्घटना हुने, सुरक्षा र स्वास्थ्यमा नकारात्मक असर पर्ने भएकोले वन क्षेत्रका श्रमिकले आफ्नो कार्यक्षेत्रको वातावरणलाई मर्यादित तथा सुरक्षित बनाउन सक्रिय पहल गर्नु पर्दछ । वन क्षेत्रको काम गर्ने श्रमिकहरूको कामको प्रकृति, कार्यक्षेत्र तथा औजारहरूमा विशेष ध्यान दिनु पर्छ ।

| **कामको प्रकृति** | **कार्यक्षेत्र** | **ध्यानदिनु पर्ने पक्ष** |
|---|---|---|
| वन व्यवस्थापन | सामुदायिक, नीजि, कबुलियती, कृषि लगायतका वनहरू | औजारको प्रयोग, |
| समिल फर्निचर उद्योग | उद्योग/प्रतिष्ठान भएको ठाउँ | औजारको प्रयोग, धुलो, मेशिनको प्रयोग आदि |
| वनमा आधारित अन्य उद्योग | उद्योग/प्रतिष्ठान भएको ठाउँ | औजारको प्रयोग, धुलो, मेशिनको प्रयोग आदि |

## ९. व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी चुनौती र खतराहरू

नेपालको वन क्षेत्रका श्रमिकहरूको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धमा चासो देखाइएको पाईदैन । थोरै मात्रामा औपचारिक क्षेत्रमा पहल भएतापनि समग्र अनौपचारिक क्षेत्रमा संलग्न श्रमिकहरूको पेशागत सुरक्षा संरक्षणको अवस्था भयावह रहेको छ । अझ वन श्रमिकहरूको त झन संगठित हुने आधारभूत अधिकारको लागि आवाज उठाउने वातावरण समेत छैन । वन क्षेत्रमा कार्यरत श्रमिकहरूसँग सम्बन्धित ऐन कानून निमार्णमा ट्रेड यूनियनहरूको प्रभावकारी भूमिकाको आवश्यकता रहेको छ ।

वर्तमान ट्रेड यूनियन ऐन नियम कार्यान्वयन गर्न सरकार तथा व्यवसायिहरूलाई दबाब दिने, रोजगारीको सुरक्षा र संरक्षणको लागि रोजगादाताहरूसँग संवाद समेत हुन नसक्नुको कारणले सिर्जना भएका प्रमुख समस्याहरू निम्न रहेकाछन् ।

### क) चुनौतीहरू

- वन क्षेत्रका श्रमिकहरूमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य बारे ज्ञान नहुनु ।
- श्रम ऐन, नियम, ट्रेड यूनियन ऐन/नियम तथा वन ऐन र नियममा वन क्षेत्र संम्वद्ध पेशा र श्रमिकको सन्दर्भमा कुनै व्यवस्था नगरिनु ।
- वन श्रमिकहरूको सुरक्षा र स्वास्थ्यका सन्दर्भमा सूचना सङ्कलन, अभिलेखन तथा रिपोर्टिङ्ग गर्ने निकाय र व्यवस्था नहुनु ।
- श्रमिकहरूको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी विषयले महत्त्व नपाउनु ।
- वन श्रमिकमा पेशागत दक्षताको कमी ।
- प्रर्याप्त साधन र स्रोतको अभाव रहनु ।

---

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

### ख) खतराहरू

- रुखको हाँगा खसेर चोट लागि धाईते वा मृत्यु हुन सक्ने ।
- मौरी, बिच्छी, सर्प, बारुलो वा अरिङ्गालले हानी पुऱ्याउन सक्ने ।
- जंगली जनावरको आक्रमणमा पर्न सक्ने ।
- रुख काट्दा रुख घुमी चोट लाग्न सक्ने ।
- औजारको विड वा पासो फुस्किएर दुर्घटना भइ अङ्गभङ्ग हुन सक्ने ।
- शरीरमा एलर्जी हुने ।
- विभिन्न झारपातको चोप आँखामा परि आँखा विग्रने वा अन्धो समेत हुन सक्ने ।
- डोरी उछिट्टिएर वा चुँडिएर चोटपटक लाग्न सक्ने ।
- रुखले थिची मृत्यु हुन सक्ने ।
- विभिन्न विषालु झार तथा फुलहरूले मानव स्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्ने ।

## १०. वातावरणको अर्थ र परिभाषा

वातावरण वा पृथ्वीको वातावरण भन्नाले पृथ्वीको अस्तित्व र जनजीवनसँग सम्बन्धित समस्त कुराहरूको आम सन्तुलनलाई जनाउँछ । पृथ्वीको भित्री मण्डल, पृथ्वीको बाह्य मण्डल र उपर्युक्त दुई क्षेत्र अर्न्तगत पर्ने सबै कुराहरू वातावरणका आधारभूत तत्त्व अर्न्तगत पर्दछन् । यस अर्न्तगत पृथ्वीको सतह, सूर्य, सौर्यमण्डल, पृथ्वीको गर्भमा रहेका खनिज पदार्थहरू लगायतका विभिन्न प्रकारका रसायनिक तत्त्वहरू, मानिस लगायत सबै प्राणीहरू, वनस्पतिहरू, माटो, हावा, पानी, प्रकाश, ताप, ध्वनी, आदि सबै कुराहरू वातावरण अर्न्तगत पर्दछन् । हामीले गर्ने सबै बाह्य क्रियाकलापहरू वातावरणसँग प्रत्यक्ष संम्बन्ध राख्छन् । जुन क्रियाकलाप विकास वा परिवर्तनसँग सम्बन्धित हुन्छ । प्राकृतिक रूपमा पृथ्वीमा र पृथ्वीको वरिपरि रहेका सबै जीव-जन्तु र वनस्पति आदिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ,र यि सबै तत्त्वहरूको अन्तरकृयाद्वारा नै पृथ्वीको प्राकृतिक वातावरण अविच्छिन्न रूपमा चलिरहेको छ । यि सबै तत्त्वहरू एक अर्कामाथि निर्भर रहेकाछन्, जसले वातावरणिय चक्र निर्धारित भएको छ । पृथ्वीमा प्राकृतिक रूपमा जेजती तत्त्वहरू छन् ती सबै आवश्यक तत्त्वहरू हुन र ती सबैको सन्तुलित अन्तरकृया नै वातावरण हो ।

## ११. दीगो जीवनयापनको लागि जैविक विविधताको संरक्षण

वन सम्वद्ध पेशामा संलग्न श्रमिकहरूले दीगो वन व्यवस्थापनमा समेत उचित ध्यान दिनु पर्दछ । अविछिन्न रूपमा काम गर्न पाउने अवस्था श्रृजना गर्न वन, वातावरण र जैविक विविधतालाई संरक्षण गर्नेतर्फ श्रमिकहरूको चासो रहनु पर्दछ । वन्य जन्तु, विभिन्न प्रकारका विरुवा र यसका प्रजातिहरूको संरक्षण, चराचुरुङ्गीहरूको संरक्षण र दीगो व्यवस्थापनबाट मात्र श्रमिकको पेशा पनि दीगो हुन्छ ।

वातावरणीय तथा पर्यावरणीय असरको कारण, अन्नवालीको उत्पादन दिनप्रतिदिन घट्दो छ । यसैगरी पशुपालन पेशापनि सङ्कटमा पर्दै गएको छ । तर मानिसको सङ्ख्या भने दिन दुइगुना रात चौगुना हुँदैछ । यसबाट वन्यजन्तु संरक्षणको आवश्यकता र महत्त्व झन् बढेर गएको छ ।

वन्यजन्तु तथा जैविक विविधताको विनास हुन थालेपछि वन संरक्षण एवं जीवजन्तुको संरक्षणको प्रकृया शुरु भएको पाइन्छ । नेपालमा पनि वन संरक्षणको लागि सामुदायिक वन,

कबुलियती वन, साझेदारी वन, धार्मिक वन लगायत संरक्षित वन एवं राष्ट्रिय निकुञ्जहरूको स्थापना गरी जैविक विविधता संरक्षणमा प्रशस्त कामहरू अगाडि बढाइएको छ ।

जैविक सन्तुलन कायम राख्न जीवजन्तुको संरक्षण आवश्यक पर्छ । पृथ्वीमा जतिपनि प्राणीछन् एकअर्काको अस्तित्वको लागि उत्तिकै महत्त्व राख्छन् । तर पनि कतिपय जनावरको कल्पना गर्दापनि मानिसको शरीर काम्ने अवस्था आउँछ । मानिसको मनमा भय र त्रासदी उत्पन्न गर्ने जनवारहरूको संरक्षण किन गर्नु पर्छ त ? यस बारेमा हाम्रो परम्परागत दृष्टिकोण रहेको छ । यसलाई परिवर्तन गर्नको लागि र यि जीवहरूको वास्तविक महत्त्व बुझ्न र बुझाउनका लागि समेत हामीले संरक्षण गर्नु पर्छ । यो भन्दापनि महत्त्वपूर्ण पक्ष त यि सबै हाम्रो जीवनका लागि अति नै महत्त्वपूर्ण छन् । जस्तो की उदाहरणको रूपमा लिउँ "**गोमन सर्प**" देख्नासाथ हाम्रो मुटु काम्छ, हामी हलनचलको अवस्थामा पुग्छौं वा उसलाई प्रहार गर्न तम्सिन्छौं । तर यसको विष नै मानिसका लागि नभइ हुदैन । त्यसैले यसको संरक्षण आवश्यक छ । यस्तै अनेक जीव जो मानिसका लागि अति नै महत्त्व राख्छन् । राष्ट्रको आम्दानीबृद्धि देखि राष्ट्रको पहिचानको लागि समेत महत्त्वपूर्ण मानिएका छन् । त्यसैले वन्यजन्तुहरूको संरक्षण आज मानवजातिको लागि अनिवार्य र निर्विकल्प विषय बनेको छ ।

यस्ता जैविक विविधताको उचित संरक्षणले हाम्रो लागि रोजीरोटीको लागि प्रशस्त सम्भावना बोकेको हुन्छ । पर्यटन, कृषि-वन लगायतको माध्यमबाट एवं जैविक विविधताको व्यवस्थापनले हामीले हरित रोजगारी श्रृजना गर्दै श्रम बजार बढी गर्न सक्छौं ।

## १२. सुरक्षित तथा मर्यादित कार्य वातावरण

आजका श्रमिक दिशाहीन बटुवाका रूपमा आफ्नो श्रम लिलाम गर्न चौबाटोमा खडा हुन बाध्यछन । कामको कुनै ग्यारेण्टी नभएकोले आज गरेको काम सकिनासाथ अर्को काममा हात हाल्न भौतारिनु पर्ने अवस्था छ । गरिरहेको काममा पनि सन्तुष्ट हुन सक्ने ठाउँ छैन । किनकि काम मर्यादित र निश्चित छैन, अर्थात कामको कुनै टुङ्गो छैन, उचित ज्याला, उपयुक्त कार्यवातावरण, संरक्षणको अभाव, संगठित हुन पाउने अधिकारबाट समेत बन्चित छन् । मर्यादित कामका लागि हरेक श्रमिकलाई सामाजिक सुरक्षाको अधिकार, समान र उचित पारिश्रमिकको अधिकार, आफू तथा आफ्नो परिवारका लागि मानव सम्मानयुक्त जीवन सुनिश्चित गर्न पाउने अधिकार हुन्छ । प्रत्येक श्रमिकलाई कामको निश्चित समय, तलबी बिदा, सहित आराम तथा मनोरञ्जनको अधिकार हुन्छ । त्यसै गरि कामलाई मर्यादित बनाउन आइएलओको महासन्धिहरूले सामुहिक सौदावाजीका माध्यमबाट सामाजिक संवादको अधिकारको व्यवस्था गरेको छ । यि उल्लेखित अधिकार उपयोग गर्न सक्ने अवस्थामा श्रमिकहरूको क्षमता र एकता अभिवृद्धी गर्न सके मात्र नेपाली श्रमिकहरूको लागि मर्यादित कामको सुनिश्चितता गर्न सकिन्छ ।

काम र साधनको उपलब्धताले मात्र चाहेको सामान उत्पादन गर्न सकिदैन । त्यसका लागि श्रमिकमैत्री कार्यवातावरणको आवश्यकता पर्छ । हरेक उद्योग प्रतिष्ठान/कार्यथलोमा काम गर्ने वातावरण श्रमिकमैत्री बनाउनु पर्छ । श्रमिकहरूको सुदृढ एकता र क्षमताको विकासले मात्र अहिलेको कार्यवातावरणलाई श्रमिकमैत्री बनाई अपमानलाई न्यून गरी कामलाई सम्मान गर्ने वातावरण निमार्ण गर्न सकिन्छ ।

---

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

## मयार्दित कार्यवातावरण

- न्यूनतम पारिश्रमिकको व्यवस्था ।
- ट्रेड यूनियनमा संगठित हुन पाउने अधिकारको प्रत्याभूती भएको ।
- सामुहिक सौदावाजी गर्ने प्रणाली स्थापना ।
- कानून अनुसारको आधारभूत सुविधा कार्यान्वयन
- अधिक ध्वनीबाट हुन सक्ने दुर्घटना रोकथाम सम्बन्धी व्यवस्था गरिएको ।
- आवश्यकता अनुसारका उज्यालोको व्यवस्था भएको
- दोहोरो हावा आउने जाने गरी झ्याल ढोकाको व्यवस्था भएको
- धुलो नियन्त्रण गर्ने प्रकृया भएको
- व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य अनुकुलको कार्यथलोको डिजाईन भएको ।
- व्यक्तिगत सुरक्षा सामाग्रीको व्यवस्था भएको ।
- भण्डारण (स्टोर)को व्यवस्था भएको ।
- आवश्यक शीप शिक्षा दिने व्यवस्था गरिएको ।
- दुर्घट्नाको स्रोत न्यूनिकरण तथा पुनर व्यवस्थान गर्ने प्रणाली स्थापित गरिएको ।
- प्राथमिक उपचार तथा विश्राम कक्षको व्यवस्था भएको ।
- आपतकालीन अवस्थाको लागि उद्धार सम्बन्धी आवश्यक सामाग्रीहरूको व्यवस्था भएको ।

# १३. व्यवसायजन्य सुरक्षा र स्वास्थ्य कार्यान्वयनबाट हुने उपलब्धी

व्यवसायजन्य सुरक्षा र स्वास्थ्य प्रत्येक व्यवसायको अभिन्न अङ्गको रूपमा लिइन्छ । व्यवसाय सञ्चालनको क्रममा जानअन्जानमा विभिन्न बाधा अड्चनहरूको सामाना गर्नु पर्ने हुन्छ । यस्तै अनावश्यक रूपमा आर्थिक दायित्व बढ्ने र श्रमिकहरूको स्वास्थ्यमा समेत क्षति पुर्‍याइ रहेको हुन्छ ।

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय अनुभवहरूबाट के प्रमाणित भएको छ भने व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको अवलम्वन तथा कार्यान्वयनबाट व्यवसाय तथा व्यक्ति दुबैलाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाभ दिइरहेको हुन्छ ।

यसको अवलम्बन तथा कार्यान्वयनले आयमा बृद्धि र अनावश्यक खर्च कटौती गर्न सकिन्छ भने काममा संलग्न व्यक्तिमा कार्यस्थलमा विद्यमान खतरा तथा जोखिम उत्पन्न गर्ने तत्त्वहरूको सम्पर्कलाई न्यून गर्न सकिन्छ ।

- उत्पादन र उत्पादकत्व बृद्धि, साधन र स्रोतको सदुपयोग,
- विकारयूक्तवस्तुको न्यूनीकरण ।
- खतरा तथा जोखिमबाट सिर्जित व्यय – व्यवसायजन्य रोग, व्यवसायजन्य दुर्घटनाको रोकथाम आदि ।

# पाठ – तीन

## १४. काम कर्तव्य र अधिकार

काम, कार्यस्थल तथा कार्यवातावरणको आधारमा काममा संलग्न श्रमिकहरूको पद, तह तोकी जिम्मेवारी निर्धारण गरिएको हुन्छ । मानिसलाई काम लगाएर मात्र पुग्दैन उसलाई अधिकार र कर्तव्यबाट सुसंस्कृत बनाउनु पर्छ । जसको आधारमा उसले गरेको कामको लेखाजोखा र मूल्याङ्कन गरि दण्डित वा पुरस्कृत गरिन्छ ।

एउटै प्रकारको काम होस् वा विविध प्रकारको काम हुने क्षेत्रमा संलग्न मानिस होस्, कामको कार्यप्रकृति अनुसार वहन गर्न पर्ने जिम्मेवारी र पालन गर्नुपर्ने कर्तव्य तोकिएको हुन्छ ।

काममा संलग्न हरेक मानिसलाई कामको आधारमा विभिन्न प्रकारको रोग लाग्ने सम्भावना रहेको हुन्छ । त्यस्तै अनेक प्रकारका जोखिम तथा खतराहरूमा पर्ने अवस्था विद्यमान हुन्छ । त्यसबाट श्रमिकहरूको बचाउ गर्ने जिम्मेवारी र श्रमिक आफैले पालन गर्नु पर्ने दायित्वहरूको व्यवस्था गरिएको हुन्छ । कार्यथलोको उचित व्यवस्थापन तथा सर-सफाई गर्ने लगायत व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको लागि मुख्यत: निम्न पक्षले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ :

क) रोजगारदाता/प्रवन्धक (म्यानेजर)/सुपरभाइजर/उत्पादक/सप्लायर्स वा ठेकेदार

ख) कामदार

ग) सरकार

## क) रोजगारदाता,प्रबन्धक वा सुपभाइजरको अधिकार र कर्तव्य

व्यवसायलाई सही ढङ्गले अगाडि बढाउन कार्यथलोको वातावरणलाई सुव्यवस्थित बनाउने एवं कुनै समस्या आइपरे तत्काल प्रबन्धकले निम्न कार्य गर्नुपर्दछ :

- सुरक्षा र स्वास्थ्य नीति कार्यान्वयन गर्ने ।
- वन तथा वनक्षेत्रसँग सम्बन्धित काममा प्रयोग हुने उपकरणको सुरक्षित प्रयोग विधि र सीप सिकाउने ।
- वन तथा सम्वद्ध पेशामा प्रयोग हुने उपकरणहरूबाट उत्पन्न हुन सक्ने जोखिम न्यूनीकरणका उपाय पत्ता लगाइ न्यूनीकरण गर्न पहल गर्ने ।
- व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी जानकारी प्रदान गर्ने ।
- वन पेशामा प्रयोग हुने उपकरण बारे श्रमिकहरूलाइ प्रशिक्षित गर्ने ।
- व्यक्तिगत सुरक्षा सामाग्री तथा काममा प्रयोग गरिने उपकरणको सुरक्षा सम्बन्धी आचारसंहिता कार्यान्यन गर्ने ।

## ख) ठेकेदारको कर्तव्य र अधिकार

- प्रचलित कानून बमोजिम दर्ता भएको र अनुमती लिएको हुनु पर्छ ।
- श्रमिकहरूलाई आवश्यक सीप सिकाउने र नियूक्ती पत्र दिइ काममा लगाउने ।

---

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्वन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

- दुर्घटनामा परेमा वा व्यवसायजन्य रोग लागेमा त्यस्तो श्रमिकको उपचार र कानून अनुसार क्षतिपूर्ति सम्बन्धी प्रबन्ध मिलाउने ।
- नीति नियमले तोकेको मापदण्ड पूरा गरि सुरक्षित काम गर्ने वातावरण मिलाउने ।

## ग) कामदारको कर्तव्य र अधिकार

यसैगरी कामदार/कर्मचारी स्वयंले पनि आफ्नो कार्यथलोलाई व्यवस्थित बनाउने तथा आइपर्ने समस्या बारे समयमै ध्यान पुऱ्याउनु पर्छ ।


- सुरक्षित कार्यवातावरण निमार्णका लागि रोजगारदातासँग सहकार्य गर्ने ।
- व्यवसाजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी कमिटीमा प्रतिनिधित्व गर्ने ।
- श्रमिकहरू आफ्नो सुरक्षाको लागि सावधानीपूर्वक काममा संलग्न हुने (किनकि आफ्नो लापरवाहीका कारण आफै र आफ्नो सहकर्मीहरू जोखिममा पर्नबाट बच्न सकुन) ।
- निर्धारण गरिएका सुरक्षा र स्वास्थ्य सम्बन्धी प्रावधानहरूको पालना गर्ने ।
- व्यक्तिगत सुरक्षा र स्वास्थ्य सामाग्रीहरूको उचित तरिकाले अनिवार्य प्रयोग गर्ने ।
- अनुमती विना औजारहरूको प्रयोग नगर्ने ।
- सम्भावित जोखिमका बारेमा सुपरभाइजर वा प्रबन्धक (म्यानेजर)लाई सूचना दिने ।
- दुर्घट्ना भएमा त्यसको विवरण तयार गरि प्रबन्धक/सुपरभाइजरलाई जानकारी गराउने ।
- वनजङ्गलमा काम गर्ने श्रमिकहरूले आफूमाथि आइपर्न सक्ने जोखिम तथा खतरा सम्बन्धी सूचना इन्चार्ज वा सुपरभाइजरलाई उपलब्ध गराउने ।

## घ) सरकारको अधिकार र कर्तव्य

कार्यथलोको उचित निरिक्षण गरि आवश्यक मार्गनिर्देश गर्दै मर्यादित कार्यवातावरण निमार्ण गर्ने तर्फ सरकारी निकायले ध्यान दिनु पर्छ । खासगरी यस कार्यको लागि सरकारले निम्न काम गर्नुपर्छ ।

- श्रम निरिक्षण
- कार्यथलो निरिक्षण
- अनुगमन तथा मार्गनिर्देशन
- श्रमिकको सुरक्षा र स्वास्थ्यसँग सम्बन्धित र अन्य सहयोगको कार्य गर्ने

- **तहगत रूपमा गरिनु पर्ने व्यवस्थापन**




स्रोत : वनजंगलको कामसँग सम्बन्धित आइएलओको आचार संहिता, जेनेभा सन १९९७ (वेवसाइड)

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्वन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

## १६. जोखिम न्यूनीकरण तथा बचाउका उपायहरू

रुख काट्दा श्रमिकहरूलाई विभिन्न प्रकारका जोखिम तथा खतराहरूको सामाना गर्नु पर्ने हुन्छ । श्रमिकहरू दुर्घट्नामा परेर अङ्गभङ्ग हुनुकासाथै ज्यानै जाने सम्भावना पनि उत्तिकै रहेको हुन्छ । तसर्थ रुख काट्दा निम्न कुरामा विशेष रूपमा ध्यान दिनु पर्ने हुन्छ ।

- सर्वप्रथम, काटिने रुखको वरिपरि सरसफाई गर्ने ।
- रुखमा बेरिएका लहराहरू काटेर हटाउने ।
- रुख अड्काउने संभावना भएका वरिपरिका हाँगाहरू र काटिने रुखको हाँगाहरू मुठार्ने ।
- पानी परेको, आँधीवेहरी आएको बेला, रातीको समय वा हुस्सु लागेको अवस्थामा रुख नकाटने ।
- रुख ढल्ने दिशा र भाग्न सक्ने ठाँउको पहिले नै अन्दाज लगाई रुख ढाल्न शुरु गर्ने ।
- रुख खोक्रो भएमा रुख काट्दा घुम्न सक्छ, त्यस तर्फ ध्यान दिई कटान गर्ने ।
- भिरालो जमिनमा माथिबाट रुख काट्ने, तर रुख ढल्ने बेलामा जरा हल्लिंदा भू-क्षय हुन गई हुन सक्ने जोखिमको बारेमा सजग रहने ।
- रुख ढालिने दिशामा पहिला आराले माथिबाट तलतिर छड्के काट्ने र पछि त्यसको विपरित दिशा (Opposite Site) बाट चुकुल, छिना प्रयोग गरी आराले रुख काट्ने ।
- सजिलो कपडा र जुत्ता लगाउने, डोरीले रुखको टुप्पो तिर बाँधी ढाल्ने दिशालाई डोरीले तानेर आफ्नो अनुकुल बनाउने ।
- मौरी, अरिङ्गाल, बारुलोको गुँडभए नभएको पहिला नै हुरेर मात्र रुख कटान गर्ने ।
- प्राथमिक उपचार सामग्रीसँगै राख्ने ।
- पानी, औजार र डोरी उपयूक्त स्थानमा राख्ने ।
- सञ्चारको साधन आफू नजिक राख्ने ।
- छेवैमा आगो सल्काई धुँवा दिई राख्ने ।
- स-मिलमा कार्यरत श्रमिकहरूलाई लक्षित गरि श्रवण शक्ति सम्वद्धन कार्यक्रम सञ्चालन गर्ने ।
- समय-समयमा स्वास्थ्य परिक्षणको व्यवस्था गर्ने ।
- नियमति रूपमा औजारहरूको मर्मत तथा परिक्षण गर्ने ।

# पाठ – चार

## १७. व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी कानूनी व्यवस्था

नेपालको वन तथा वनसँग सम्बन्धित कुनै पनि ऐन तथा नियमावलीहरूले प्रष्टसँग वन पेशामा आवद्ध श्रमिकहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य बारे व्यवस्था गरेको पाइदैन । वनको दीगो व्यवस्थापन मार्फत रोजगारी श्रृजना गर्ने कुरालाई प्राथमिकता दिएपनि श्रमिकको हितको लागि कुनै व्यवस्था नभएको कारण यस क्षेत्रका श्रमिकहरूले मर्यादित कामको अनुभव गर्न पाएका छैनन् । श्रम बजारको विविधिकरणसँगै ऐन कानूनको व्यवस्था गर्नु पर्ने हुन्छ ।

फैलदो श्रम बजार र श्रमिकहरूको सेवा सुविधाको व्यवस्थापन गर्न पर्ने आवश्यकता रहेको छ । श्रम ऐन २०४८ (स.स)मा गरिएको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धी व्यवस्था तथा वन ऐन र अन्य कानूनमा वन श्रमिकहरूसँग सम्बन्धित व्यवस्था बारे संक्षिप्त रूपमा उल्लेख गरिएको छ :-

## क) वन ऐन तथा नियमावली

नेपालको वन ऐनले वन जोगाउने, वनबाट रोजगारी श्रृजना गर्ने, उद्योग तथा कलकारखाना खोल्ने व्यवस्था गरेको छ । तर त्यस काममा संलग्न श्रमिकको सेवा सुविधासँग सम्बन्धित कुनै व्यवस्था गरेको छैन् । वन ऐनको दफा ३१ ले वन पैदावारमा आधारित उद्योगको लागि कच्चा सामाग्री उपलब्ध गराउने पर्यटन प्रवर्दन गर्ने आदि व्यवस्था गरेता पनि त्यसको अभिन्न अङ्गका रूपमा संलग्न रहने श्रमिकहरूको बारेमा यि ऐन पूर्णरूपमा मौन रहेकाछन् ।

- यसैगरी दफा ३८ मा निजी वन प्रवर्द्धनको कुरा उल्लेख गरिए पनि श्रमिकको बारेमा ध्यान दिएको देखिदैन ।
- वन नियमावली २०५१ को नियम ११ मा वन पैदावारको सङ्कलन र वितरण सम्बन्धी व्यवस्था मात्र उल्लेख छ । यस्तै,
- नियम २१,३२,३५,४७,५९ आदिमा वन पैदावारको प्रवर्द्धन, विक्रिवितरण । उद्योग आदिको व्यवस्था भएपनि त्यस काममा संलग्न कामदार/कर्मचारीहरूको सेवाशर्तका बारेमा कुनै व्यवस्वथा छैन ।

नेपालको वन व्यवस्थापन गर्नको लागि बनेका ऐन, नियम तथा करिब ३ दर्जन नीतिगत व्यवस्था सम्बन्धी कागजातहरू पाइन्छन् । तर वन श्रमिकको आधारभूत अधिकार व्यवसायजन्य सुरक्षा र स्वास्थ्य बारे समेत यि कानून तथा नियमावलीहरू मौन रहेका छन् ।

## ख) वन श्रमिक सम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्थाहरू

वन श्रमिकको व्यवसायजन्य सुरक्षा र स्वास्थ्यका सवालमा मानव अधिकार घोषण पत्र,आईएलओ काम सम्बन्धी अधिकारको आधारभूत घोषणा, फरेष्ट स्टेवार्डसिप काउन्सिलको सिद्धान्त एवं जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय संरचनागत महासन्धी आदिमा निम्न व्यवस्था गरिएको छ ।

---

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

क) मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषण पत्र १९४८ को धारा २२ ले सामाजिक सुरक्षाको प्रत्याभूति गरेको छ भने धारा २४ ले कार्य समयसिमा र बिश्राम, धारा २५ ले श्रमिकको सुदृढ जीवनस्तर र घर परिवारको बारेमा उल्लेख गरि श्रमिकको हितको पक्षमा वकालत गरेको छ ।

ख) आईएलओको घोषणामा खासगरी कामको अधिकार र आधारभूत सिद्धान्त अन्तगर्त जवर्जस्ती काममा लगाउने कुराको अन्त्य, बालश्रमको अन्त्य तथा पेशाामा विभेदको अन्त्य हुनुपर्ने लगायतका प्रावधान उल्लेख छ ।

सयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्बन्धी महासन्धी (UNFCCC) अन्तर्गत REDD+ को अन्तर्गत क्यानकुन सम्झौतामा मर्यादित काम र गुणस्तरीय कार्यको बारेमा उल्लेख गरेको छ । यसैगरी रेड प्लसको लगानी श्रम केन्द्रीत मूल्य अभिबृद्धि क्रियाकलापमा हुनुपर्ने समेत उल्लेख गरिएको छ ।

घ) दीगो वन व्यवस्थपन प्रमाणीकरण गर्ने फरेष्ट स्टेवार्डसिप काउन्सिल (FSC) को सिद्धान्त ४ अन्तर्गत श्रमिकहरूको अधिकारको व्यवस्था गरिएको छ । जसमा वन श्रमिकको दीर्घकालीन आर्थिक तथा सामाजिक हित अनुकुल हुनुपर्ने कुरा उल्लेख गरिएको छ ।

## ग) श्रम कानून

श्रम कानून विभिन्न कानूनहरूको समूह हो । यसको क्षेत्राधिकार सीमित हुन्छ । तर यो विशेष कानून हो । कुनै एउटा विषयमा जानकारी राखेर श्रम कानून बुझ्न सकिदैन । यो कानून बुझ्नको लागि धेरै पक्षमा जानकारी राख्नु पर्ने हुन्छ ।

मानिसले गर्ने काम, कार्यप्रकृति, कार्यथलो, कार्यवातावरण, प्रचलनमा रही आएका परम्पराहरूका बारेमा समेत जानकारी राख्नु पर्ने हुन्छ ।

रोजगारदाता र श्रमिक तथा आधिकारिक ट्रेड यूनियनबीच गरिने सहमति र सम्झौता, कार्यस्थलसँग सम्बन्धित भएर बनाइएका विनियम तथा सर्वोच्च अदालतबाट (पेशासँग सम्बन्धित) भएका नजिरहरू (विशेष फैसला) समेत कानून सरह मानिन्छन् । त्यसैले यो विशेष कानून हो ।

व्यवसायको प्रकृति अनुसार श्रमिकहरूको स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्ने सम्भावना विद्यमान रहने हुनाले यो कानूनमा व्यवसायजन्य सुरक्षात्मक उपाय तथा स्वास्थ्यको बचाउसँग सम्बन्धित व्यवस्था गरिएको छ ।

श्रम ऐन २०४८(स.स.) तथा श्रम नियमावली २०५० ले व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य सम्बन्धी व्यवस्था निम्न अनुसार गरेको छ ।

श्रम ऐन २०४८ (स.स.) परिच्छेद – ५

व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी व्यवस्था श्रम ऐन २०४८ दफा २७ (१) प्रतिष्ठानमा व्यवस्थापकले देहाय बमोजिमको व्यवस्था मिलाउनु पर्ने हुन्छ ।

(क) प्रत्येक प्रतिष्ठानलाई प्रत्येक दिन सफा गरी आवश्यकतानुसार कीटनासक औषधी समेतको प्रयोग, समुचित निकासको प्रबन्ध एवम् समय समयमा रंग रोगन समेत लगाइ फोहर मैलाबाट हुने दुर्गन्ध नआउने गरी सफा सुग्घर राख्ने,

(ख) काम हुने कोठाहरूमा पर्याप्त हावा र प्रकाश एवम् उपयूक्त तापक्रमको प्रबन्ध मिलाउने,

(ग) कामको सिलसिलामा निस्कने रद्दीवस्तु तथा फोहरमैला फ्याँक्ने तथा नष्ट गर्ने व्यवस्था गर्ने,

(घ) स्वास्थ्यमा प्रतिकुल असर पर्न सक्ने धुलो, दूषित हावा, वाफ एवम् अन्य दूषित पदार्थ काम गर्ने कोठामा जम्मा हुन नदिने,

(ङ) कामको सिलसिला वा अन्य कुनै कारणले निस्कने आवाजबाट स्वास्थ्यमा प्रतिकुल असर नपर्ने गरी आवश्यक प्रतिकारात्मक व्यक्तिगत उपकरण एवम् कामको प्रकृति अनुसार कम आवाज मात्र निस्कने समुचित व्यवस्था गर्ने,

(च) काम गर्ने कोठा वा स्थानमा कामदार वा कर्मचारीको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्ने गरी घुँइचो हुन नदिनुकोसाथै कामको प्रकृति हेरी प्रत्येक कामदार वा कर्मचारीको लागि साधरणत : पन्ध्र घनमिटर ठाँउ उपलब्ध गराउनु पर्ने छ र सो को प्रयोजनको लागि भुँइसतह देखि चारमिटर भन्दा माथिको उचाईको गणना गरिने छैन ।

(छ) कामको समयमा स्वस्थ्यकर पिउने पानी पर्याप्त मात्रामा उपलब्ध हुने व्यवस्था गर्ने र स्वास्थ्यमा प्रतिकुल असर पार्न सक्ने किसिमको रासायनिक पर्दाथहरूको प्रयोग गर्ने वा उत्पादन गर्ने प्रतिष्ठानमा उत्पन्न हुन सक्ने आपतकालीन स्थितिबाट बचाउको लागि आगो निभाउन वा धुन, पखाल्नको लागि पर्याप्त पानीको व्यवस्था गर्ने,

(ज) महिला तथा पुरूष कामदार वा कर्मचारीहरूको निमित्त पायक पर्ने स्थानमा बेग्लाबेग्लै आधुनिक शौचालयको व्यवस्था गर्ने, र

(झ) कामको प्रकृति अनुसार प्रतिष्ठानको सम्पूर्ण वा केही भागलाई धुमपान निषेधित क्षेत्र घोषणा गर्ने, र

(ञ) स्वास्थ्यमा प्रतिकुल असर पर्ने खालका प्रतिष्ठानको हकमा कम्तिमा वर्षको एक पटक कामदार वा कर्मचारीहरूको अनिवार्य रूपमा स्वास्थ्य परिक्षण गराउने ।

२८. आँखाको बचाउ : (१) ऐना, काँच, पारो, चुम्बक, प्लेट, फलाम, कँक्रिट, सिमेण्ट, चून, ढूँगा र विस्फोटक पदार्थ प्रयोग हुने प्रतिष्ठानमा काम गर्दा निस्कने धुलो वा टुक्राबाट कामदार कर्मचारीको आँखामा चोट लाग्नबाट बचाउ गर्न आवश्यक व्यवस्था गर्नु पर्ने छ ।

(२) वेल्डिङ्ग वा ग्याँस, कटिँग वा यस्तै अन्य कार्यको सिलसिलामा उत्पन्न हुने हानिकारक किरणबाट आँखाको बचाउ गर्न आवश्यक सुरक्षा सम्बन्धी उपकरणहरूको व्यवस्था गर्नु पर्नेछ ।

२९. रासायनिक पदार्थबाट बचाउ : रासायनिक पदार्थ परिचालन गर्ने कामदार वा कर्मचारीको बचाउको निमित्त व्यवस्थापकले आवश्यक व्यक्तिगत सुरक्षात्मक उपकरणको व्यवस्था गर्नु पर्ने छ ।

३०. आगोबाट बचाउको प्रवन्ध :(१) व्यवस्थापकले प्रत्येक प्रतिष्ठानमा आगोबाट बचाउको निमित्त आवश्यक आधुनिक साधनको प्रबन्ध गर्नु पर्नेछ ।

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

(२) आपतकालीन अवस्थामा प्रतिष्ठानबाट सजिलोसँग बाहिर निस्कन सक्ने गरी व्यवस्था गरिएको हुनुपर्छ ।

(३) आगोबाट बचाउकोसाथै आगो निभाउने यन्त्रहरूका सम्बन्धमा प्रतिष्ठानले गर्नु पर्ने अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

३१. खतरनाक मेशिनमा छेकवार लगाउनु पर्नेः (१) शक्तिबाट सञ्चालन हुने खतरनाक मेशिन औजार वा उपकरणहरूको प्रत्येक भागमा बलियो छेकवार लगाउनु पर्ने छ ।

(२) चालु रहेको कुनै खतरनाक मेशिनको कुनै भागको निरिक्षण, लुब्रिकेशन वा मेशिन मिलाउने कार्य गर्नु परेमा सो कार्यमा तालिम प्राप्त एवम् अनुभवी वालिग कामदार वा कर्मचारीलाई मात्र लगाउनु पर्ने छ ।

३२. बढी भारी उठाउने सम्बन्धमाः (१) कुनै पनि कामदार वा कर्मचारीलाई चोटपटक वा स्वास्थ्यमा हानी पुग्ने गरी भारी उठाउन, बोक्न वा ओसार पसार गर्ने कार्यमा लगाउनु हुदैन ।

३३. प्रेसर प्लाण्टः (१) प्रतिष्ठानमा उत्पादन प्रकृयाको सम्बन्धमा :

२. वालिग, नावालिग, महिला, वा पुरूष कामदार वा कर्मचारीले उठाउनु बोक्नु वा ओसार पसार गर्ने अधिकभार तोकिए बमोजिम हुनेछ ।

३३. प्रेसर प्लाण्टः(१)प्रतिष्ठानमा उत्पादन प्रकृयाको सम्बन्धमा कुनै मेशिन वायुमण्डलीय चापभन्दा बढी चापमा सञ्चालन गर्नु पर्ने भएमा यस्ता मेशिनहरूको सुरक्षित कार्य चाप (वोर्किङ्ग) भन्दा बढी चापमा सञ्चालन गर्न नहुने गरी आवश्यक प्रभावकारी उपायहरू अपनाउनु पर्छ ।

(२) उपदफा (१) मा उल्लेखित मेशिनको परिक्षण गर्ने, प्रमाणित गर्ने तरिका एवम् सो सञ्चालन गर्न इजाजत दिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

३४. सुरक्षाको व्यवस्था गर्न आदेश : (१) कुनै प्रतिष्ठानमा यस एने वमोजिमको सुरक्षा सम्बन्धी व्यवस्था नगरेको अवस्थामा उपयूक्त समय तोकी सो समयभित्र आवश्यक व्यवस्था र प्रबन्ध मिलाउन श्रम कार्यालयले प्रतिष्ठानलाई लिखित आदेश दिन सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको आदेशको पालना नगरेमा प्रतिष्ठानको त्यस्तो असुरक्षित भाग, प्लाण्ट वा मेशिन सञ्चालन गर्न बन्द गर्ने आदेश श्रम कार्यालयले लिन सक्ने छ र त्यसरी दिएको आदेशको पालन गर्नु सम्बन्धित प्रतिष्ठानको कर्तव्य हुने छ ।

३५. सूचना दिनु पर्ने : (१) प्रतिष्ठानमा भएको कुनै दुर्घट्ना वा अन्य कुनै कारणबाट कुनै कामदार वा कर्मचारीको मृत्यु भएमा वा अडचालिस घण्टा भन्दा बढी कम गर्न नसक्ने गरी चोटपटक लागेमा तीन दिनभित्र र निजलाई कुनै व्यवसायजन्य रोग लागेको थाहा पाएको सात दिनभित्र प्रतिष्ठानले श्रम कार्यालयलाई सूचना दिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सूचनामा उल्लेख भएको रोग वा दुर्घटनको जाँचबुझ गर्ने अधिकारी, निजको काम, कर्तव्य : अधिकार र तत्सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुने छ ।

३६. स्तर निधारण गर्ने अधिकार : (१) यस परिच्छेद अन्तर्गतको सुरक्षा सम्बन्धी व्यवस्थाहरूको

स्तर आवश्यकतानुसार नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्काशित गरी तोक्न सक्नेछ ।

(२) उपदफा(१)मा लेखिए देखि बाहेक प्रतिष्ठानम प्रयोग हुने अन्य मेशिनरी, औजार वा उपकरणको प्रयोग गर्दा अपनाउनु पर्ने स्वास्थ्य एवम् सुरक्षात्मक अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

परिच्छेद - ६
कल्याणकारी व्यवस्था

३७. कल्याणकारी कोषः प्रतिष्ठानले कामदार वा कर्मचारीहरूको हित एवम् कल्याण्को लागि तोकिए बमोजि एक कल्याणकारी कोष खडा गर्नु पर्ने छ ।

३८. क्षतिपूर्तिः कुनै प्रतिष्ठानको कामदार वा कर्मचारीलाई आफ्नो कामको सिलसिलामा शरीरमा चोटपटक लागेमा वा अङ्गभङ्ग भएमा वा मृत्यु भएमा त्यसको क्षतिपूर्ति निज वा निजको परिवारले तोकिए बमोजिम पाउने छ ।

३९.उपदान, सञ्चयकोष र औषधी उपचारः कामदार वा कर्मचारीहरूले पाउने उपदान, सञ्चयकोष र औषधी उपचार सम्बन्धी सुविधाहरू तोकिए बमोजिम हुनेछ ।

४०. विदाः प्रत्येक प्रतिष्ठानका कामदार तथा कर्मचारीहरूले पाउने सार्वजनिक विदा, बिरामी विदा, घर विदा, सुत्केरी विदा, कीरिया विदा, विशेष विदा, तलबी वा बेतलबी विदा आदि तोकिए बमोजिम हुने छ ।

श्रम नियमावली २०५०
परिच्छेद - ३, विदा सम्बन्धी व्यवस्था :

घर विदा : काम गरेको २० दिन बराबर एक दिन

बिरामी विदा : आधा तलब पाउने गरी वर्षमा १५ दिन

प्रसूती विदा : दुइ बच्चासम्मको लागि पूरा तलब सहित ५२ दिन ( तर दुइ बच्चा जिवित नरहेकोले तेस्रो बच्चा भएमा ५२ दिन पुन पाउने)

कीरिया विदाः कुल धर्म अनुसार कामदार आफैले कीरिया बस्नु पर्ने भएमा पूरा तलब सहित १३ दिन ।

विशेष विदाः विशेष परिस्थिती परी विदा नबसी नुहने अवस्थामा, अन्य विदा बाँकी नरहमा तमाम सेवा अवधीभरमा ६० दिनसम्म (बेतलबी) विदा पाउने व्यवस्था रहेको छ ।

परिच्छेद - ४
स्वास्थ्य सफाई र सुरक्षा सम्बन्धी व्यवस्था

३८. आगोबाट बचाउनको प्रबन्ध :

३९. भारी उठाउने सम्बन्धमा :

---

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

(क) वालीक पुरूष ५५ किलो

(ख) वालीक महिला ४५ किलो

(ग) नावालीक पुरूष (१६-१८ वर्ष) २५ किलो

(घ) नावालीक महिला (१६-१८ वर्ष) २० किलो

(ङ) नावालीक पुरूष तथा महिला (१४-१६ वर्ष) १५ किलो
(२) उप नियम (१)को खण्ड (क)मा जे सुकै कुरा लेखिएको भएतापनि कुनै वालीक पुरूष कामदारले बोराबन्दी भएको भार उठाउने, ओसार पसार गर्ने वा बोक्ने सम्बन्धमा उक्त वजनको हद लागू हुने छैन ।

# १८.श्रमिकहरूको लागि आधारभूत सुविधा सम्बन्धी व्यवस्था

श्रम कानूनले कामदारहरूको हक हितका लागि काम सम्बन्धमा गरेको मुख्य व्यवस्थाहरू तल उल्लेख गरिएको छ । यो व्यवस्था वन श्रमिकहरूको हकमा पनि लागू हुने भएकोले यसको उपयोगमा वन श्रमिकहरूले गम्भिरताकासाथ ध्यान दिनुपर्दछ ।

- खाना खानका लागि आवश्यक पर्ने उपयुक्त समय ।
- दिउँसो या रातीको काममा आरामको व्यवस्था ।
- साप्ताहिक बिदा ।
- शरीरको स्फूर्ती कायम राख्नकालागि कार्यसमय भित्र छोटो/छोटो बिश्रामको व्यवस्था ।
- बिश्राम सम्बन्धी व्यवस्था कानून/कार्यस्थलको बनाएको विनियम वा सामुहिक संझौताबाट समेत निर्धारण गरिएको हुन्छ ।
- जहाँ शिफ्ट वा रातीको समयमा काम गर्नुपर्ने हुन्छ त्यस्तो अवस्थामा प्रर्याप्त उज्यालोको व्यवस्था तथा आवश्यक सुरक्षाको प्रबन्ध मिलाउनु पर्छ ।
- सकेसम्म जोखिम तथा खतरालाई कम गर्ने उपायहरूको अवलम्बन गरिनु पर्छ ।
- समय समयमा कामदारहरूको स्वास्थ्य परिक्षणको व्यवस्था गरिनु पर्छ ।
- नयाँ कामको क्षेत्र तथा काम सम्बन्धमा श्रमिकहरूलाई प्रशिक्षण/तालिम दिइनु पर्छ ।

कुनै पनि कार्यालय, कार्यथलो, कार्यवातावरण अनुसार काममा संलग्न मानिसहरूको लागि विभिन्न कुराको व्यवस्था पर्ने हुन्छ । काम सम्पन्न गर्न आवश्यक पर्ने साधन तथा जोखिमबाट बच्न व्यक्तिगत सुरक्षा सामग्री र पोशाकको व्यवस्था गर्नु पर्छ ।

हामीले देखेकाछौं, नेपाल सरकारको विभिन्न सेवामा कार्यरत कर्मचारीहरूको पहिचान पोशाकबाटै हुन्छ । जस्तो की जनपथ प्रहरी, ट्राफिक प्रहरी यस्तै नेपाल आर्मी आदि । स्वास्थ्य सेवामा कार्यरत रहेका नर्स, डाक्टर तथा अन्य कर्मचारीहलाई पनि हामीले पोशाकबाटै चिन्न सक्छौं, । पोशाकले मानिसको पहिचान दिनुकासाथै पेशाको मर्यादा समेत बृद्धी गर्ने भएको हुनाले कामका आधारमा पोशाकको व्यवस्था गर्नु जरुरी हुन्छ ।

वनजङ्गलमा काम गर्ने श्रमिकहरूका लागि झन नभई नहुने कुरा हो पोशाक । कामको कारण छिटो च्यातिने सम्भावना रहने भएकोले व्यक्तिगत रूपमा तयार गरिने पोशाकको अतिरिक्त उपलब्ध

गराउनु पर्छ । अझ कामको प्रकृति अनुसार वनजङ्गलमा काम गर्ने तथा वन आधारित उद्योगमा काम गर्ने श्रमिकहरूलाई पोशाक तथा व्यक्तिगत सुरक्षा सामग्री अति महत्त्वपूर्ण छ ।

- काम गर्दा लगाउने पोशाक श्रमिकको शरीरलाई सुख्खा राख्नलाई सहज हुने र तापक्रमसँग मिल्दोजुल्दो हुनु पर्दछ ।
- वातावरण सुहाँउदो, विभिन्न खतरनाक जनावर, (विषालु किरा, फटयाङ्ग्रा, बिच्छी, सर्प र विषालु वनस्पती) तथा रेडियोधर्मी तत्त्वबाट सुरक्षित हुने खालको सरक्षा सामग्री तथा पोशाक उपलब्ध हुनु पर्छ ।
- वनजङ्गलको काममा प्रयोग गरिने औजार सही ढङ्गले परिक्षण गरी सुरक्षा मापदण्ड र कानूनले व्यवस्था गरे बमोजिम हुनुपर्दछ ।
- परिक्षण गरि सही प्रमाणित भएको औजार मात्र खरिद गरी प्रयोग गरिनु पर्छ ।

## १९. बासस्थान तथा भोजनको व्यवस्था

हरेक प्राणीलाई नभई नहुने कुरा मध्ये एक बासस्थान तथा भोजन हो । मानिस जुनसुकै प्रकारको काममा संलग्न रहोस् हरेकलाई आराम र भोजनको आवश्यकता उत्तिकै मात्रामा पर्छ । दिनभरको कामपछि पुन कामको लागि शरीरलाई तयार राख्न उचित विश्राम र पौष्टिक तथा स्वादिष्ट भोजन अनिवार्य हुन्छ । त्यसैले उपयूक्त बासस्थान र पौष्टिक तत्त्वयुक्त भोजनको अधिकार सबैलाई बराबर रहेको हुन्छ ।

- परिवर्तन भइरहने मौसमबाट (घाम पानी) जोगिन बस्ने ठाउंको व्यवस्था ।
- खाना खाने, विश्राम गर्ने स्थान, कपडा सुकाउने र राख्ने सुरक्षित ठाउँको व्यवस्था ।
- मौसम वा प्राकृतिक प्रकोपका कारण, राती वा लामो समयसम्म वास वस्नुपर्ने भएमा खाना पकाउने खाने सामाग्रीहरूको व्यवस्था हुनु पर्छ ।
- टाढाटाढा जङ्गलमा गइ काम गर्नु पर्ने कामदारहरूका लागि क्याम्पको व्यवस्था गरिनु पर्छ । यस्ता क्याम्प बाढि पहिरो तथा अन्य प्राकृतिक प्रकोपकबाट जोगिने स्थानमा हुनु पर्छ ।

- क्याम्पमा आधारभूत सुविधाको व्यवस्था गरिएको हुनु पर्छ ।
  - कपडा राख्न उपयूक्त लकर/ब्यागको व्यवस्था
  - क्याटरिङ्ग
  - भान्साघर
  - खाद्य सामग्री भण्डारण स्थल
  - सफा पानीको व्यवस्था
  - शौचालयको व्यवस्था
  - नुहाउने स्थानको व्यवस्था
  - मनोरञ्जनको व्यवस्था
  - विषालु किराफट्याङग्राबाट बच्ने गरी बासको व्यवस्था
  - सन्तुलित भोजनको व्यवस्था

## २०. आपत्कालीन उद्धार र प्राथमिक उपचार सेवा

---

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

हरेक मानिसलाई स्वास्थ्य उपचारको हक हुन्छ । यस्तै आपत्कालीन अवस्थामा परेको मानिसलाई आपत्कालीन सेवाको हक हुन्छ ।

हरेक पेशामा संलग्न मानिसलाई कामको प्रकृति, कार्यवातावरण अनुसार विभिन्न प्रकारको रोग लाग्ने सम्भावना पनि उत्तिक्कै रहेको हुन्छ । असुरक्षित कार्यस्थलको कारण विभिन्न दुर्घट्ना हुने, काम गर्दा चोटपटक लाग्ने जोखिमयूक्त क्षेत्रमा आपत्कालीन उद्धार तथा प्राथमिक उपचारको व्यवस्था अनिवार्य गराउनुकासाथै प्राथमिक तहको निम्न व्यवस्था अनिवार्य हुनुपर्छ ।

- हरेक कामदारलाई प्राथमिक उपचार सम्बन्धमा जानकारी दिने ।
- सर्प,विच्छी जस्ता विषालु कीरा तथा विभिन्न जनावरहरूबाट हुने खतराबाट बच्न अपनाउनु पर्ने सावधानी सम्बन्धी आधारभूत प्रशिक्षण ।
- श्रमिकहरूको ज्ञान र सीप समय सापेक्ष बनाउन तालिमको व्यवस्था ।
- प्राथमिक उपचार केन्द्र तथा त्यसको महत्त्वको बारेमा सबै कामदारहरूलाई जानकारी गराउनु पर्छ ।
- आपतकालीन उपचारकालागि नजिकैको अस्पताल, चिकित्सक तथा एम्वुलेन्स सेवा वा अन्य यातायात सेवा सम्बन्धमा कामदार/कर्मचारीहरूलाई यथोचित जानकारी दिइ रहनु पर्छ ।
- उद्योग/प्रतिष्ठानमा कार्यरत कामदार/कर्मचारी दुर्घट्नामा परि उपचार आवश्यक भएमा उपचार केन्द्रसम्म लाने ल्याउने प्रबन्ध मिलाउने, आरामको लागि उपयूक्त व्यवस्था गर्ने ।
- दुर्गम क्षेत्रमा अत्यावश्यकीय स्वास्थ्य सेवाको प्रबन्ध मिलाउनु पर्छ ।

# पाठ – पाँच

## २१. सुरक्षा प्रबन्ध र आवश्यकता

### क) व्यवसायजन्य सुरक्षा

हरेक मानिसलाई आफ्नो जीउधनको रक्षा गर्ने अधिकार देशको कानूनले प्रत्याभूत गरेको हुन्छ । नागरिकको सुरक्षा गर्ने प्रमुख दायित्व हरेक देशको सरकारको हुन्छ । त्यसैले सरकारले विभिन्न ऐन कानून बनाएर सुरक्षाको ग्यारेण्टी गरेको हुन्छ । त्यसको पालन गर्नु सबै नागरिकहरूको कर्तव्य हुन्छ।

वनजङ्गल तथा सम्बद्ध पेशामा काममा संलग्न मानिसहरू हरदम उच्च जोखिममा रहेको हुन्छन् । उनीहरू जुनसुकै समयमा गम्भिर प्रकृतिको दुर्घट्नमा पर्न सक्ने भएकोले व्यक्तिगत सुरक्षाको साधन अनिवार्य उपलब्ध गराउनु पर्छ ।

अनपेक्षित रूपमा हुन सक्ने भयानक दुर्घट्नाबाट जोगाउन समयवद्ध तालिम तथा प्रशिक्षणको व्यवस्था गरी सुरक्षा बारे सचेत तथा जागरुक बनाउनु पर्छ । दुर्घटना रोकथाम गर्ने उपाय बारे प्रशिक्षित गर्न विभिन्न क्षेत्रमा घटेका घट्ना सम्बन्धी वृतचित्र (डकुमेन्ट्री) पोष्टरको माध्यमबाट कामदारहरूलाई निम्न पक्षमा सुसुचित गरिनु पर्छ ।

### ख) भौतिक सामग्रीको व्यवस्थापन

मानिसले आफ्नो मात्र सुरक्षा गरेर पुग्दैन । मानिसलाई आवश्यक पर्ने अनेक सामग्रीहरूको सुरक्षा गर्नु पर्ने हुन्छ । कामसँग सम्बन्धित उपकरणहरू, मेशिनरी साधन, औजार, श्रमिकका लागि व्यवस्था गरिएका प्राथमिक उपचार सामग्री तथा आपतकालीन उद्धार सामग्रीहरूकासाथै उद्योग प्रतिष्ठान/ कार्यथलो र कार्यवातावरणको समेत उचित तरिकाले सुरक्षा आवश्यक पर्छ । कामदारहरूलाई निम्न विषयबारे समयमा नै उचित जानकारी गराइनु पर्छ ।

- जोखिम तथा खतराहरू
- दुर्घट्नाहुनुको कारणहरू
- व्यवसायजन्य दुर्घट्ना रोकथामका उपाय
- दुर्घट्नाका उदाहरणहरू

### ग) जोखिमका प्रकार

मानिसले गर्ने सबै प्रकारको काममा कुनै न कुनै प्रकरको जोखिम तथा खतराहरू विद्यमान रहन्छन् । कामको प्रकृति अनुसार यिनीहरूको मात्रा फरक रहेको हुन्छ । तर वनजङ्गलको काममा संलग्न श्रमिकहरू अत्यधिक जोखिममा काम गरीरहेका हुन्छन् । वन तथा सम्बद्ध पेशामा आउनसक्ने जोखिम निम्न प्रकारका हुन्छन् ।

- रुखको हाँगा खसेर चोट लागि धाईते वा मृत्यु हुन सक्ने ।
- मौरी, बिच्छी, सर्प, बारुलो वा अरिङ्गालले हानी पुऱ्याउन सक्ने ।
- जंगली जनावरको आक्रमणमा पर्न सक्ने ।

---

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्वन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

- रुख काट्दा रुख घुमी चोट लाग्न सक्ने ।
- औजारको विड वा पासो फुस्किएर दुर्घट्ना भइ अङ्गभङ्ग हुन सक्ने ।
- शरीरमा एलर्जी हुन सक्ने ।
- आँखामा चोप परि अन्धो समेत हुन सक्ने ।
- डोरी उछिट्टिएर वा चुँडिएर ठूलो चोटपटक लाग्न सक्ने ।
- रुखले थिची मृत्यु हुन सक्ने ।

## घ) जोखिम तथा खतराका स्रोत

वन तथा सम्बद्ध पेशामा संलग्न श्रमिकहरूलाई आउन सक्ने खतरा तथा जोखिमका क्षेत्रहरू निम्न अनुसार रहेको छ :

- भौतिक खतरा
- रासायनिक खतरा
- यान्त्रिक खतरा
- जैविक खतरा
- मनोवैज्ञानिक खतरा
- काम र शारीरिक क्षमतामा असर




**प्रश्नोत्तर** (Question and Answer):

प्रश्नोत्तर विधि विभिन्न प्रकारले गर्न सकिन्छ । यस विधिमा प्रशिक्षकले विभिन्न प्रश्नहरू सोध्ने सहभागीले जवाफ दिने वा सहभागीले प्रशिक्षकलाई प्रश्न सोध्ने र प्रशिक्षकले जवाफ दिने वा सहभागी साथीहरूकै बीचमा कसैले प्रश्न सोध्ने र अन्यले जवाफ दिने गरेर पनि यो शिक्षण विधि सञ्चालन गर्न सकिन्छ ।

**चित्र छलफल** (Picture Discussion):

पहिले नै तयार गरिएका विषयवस्तुसँग सम्बन्धित चित्रहरूमाथि छलफल चलाउने र सोही छलफलको आधारमा कुनै धारणागत वा व्यवहारात्मक परिवर्तन सहभागीहरूमा गराउनका लागि यो विधि उपयुक्त हुन्छ । विशेषगरी दिइएका पाठहरू पढ्न र बुझ्न नसक्ने प्रशिक्षार्थीहरूबीच चित्र छलफल विधिको प्रयोग गरी तालिम सञ्चालन गर्दा प्रभावकारी हुने देखिएको छ ।

**घट्ना अध्ययन** (Case Study):

घटना अध्ययन विधिमा सम्पूर्ण सहभागीहरूलाई कुनै एक विषयवस्तुमाथि घटेका सम्पूर्ण घटनाका बारेमा पर्याप्त  जानकारी दिइन्छ । त्यसपछि सहभागीहरूले त्यस घटनामा उल्लेखित समस्याहरूका समाधान कसरी गर्न सकिन्छ भन्ने कुरामा आ-आफ्ना तर्कहरू दिन्छन्। यसरी समस्याको जड् पत्ता लगाउने काम सहभागी आफैंले गर्दछन् । यो विधि अपनाउँदा प्रष्टसँग लेखिएका घटनाहरू दिनु पर्दछ । मल्टिमेडिया, भिडियो  वा स्लाइडद्वारा पनि यस प्रकारको अध्ययन विधि अपनाउनु प्रभावकारी र सजिलो हुन्छ ।

**भूमिका निर्वाह (**Role Play):

प्रशिक्षण वा तालिम अवधिमा भूमिका निर्वाह विधिद्वारा सहभागीहरूले धेरै कुरा छोटो समयमा सिक्न सक्छन। यसमा सहजकर्ताले कुनै विषयवस्तु दिने गर्छन् । सहभागीले समूहमा मिलेर त्यसलाई भूमिका निर्वाह मार्फत् प्रस्तुत गर्ने भनेर छलफल गर्छन् र सबैले आ-आफ्नो भूमिका निर्वाह गरेर सिक्ने-सिकाउने गर्छन् । यस विधिमा सबैजनाको सहभागिता हुने गर्छ । यस विधिद्वारा सहभागीले एक-आपसमा धक फुकाउँछन् र विषयवस्तुमाथि सजिलैसँग छर्लङ्ग हुने मौका पाउँछन् ।

**खेल** (Games):

खेल विधिमा सहभागीहरू सबैको सहभागिता रहने किसिमको खेलहरू छान्नु पर्छ । खेल केही रोचक र विषयवस्तुमा सघाउ पुऱ्याउने तथा शिक्षा दिने किसिमको हुनु जरूरी हुन्छ । तालिमको शुरूमा र बीच-बीचमा खेलाइने खेल र क्रियाकलापका बीचमा खेलाइने खेलमा केही अन्तर हुन सक्छ । तालिमको शुरू-शुरूमा वा बीच-बीचमा खेलाइने खेल मनोरञ्जन वा पुर्नताजगीको लागि खेलाइन्छन् भने विषयवस्तुको बीच-बीचमा खेलाइने खेल भने विषयवस्तुमा केही थप ज्ञान दिने किसिमका हुनु जरूरी हुन्छ । खेल्दै सिक्दै गर्दा सहभागीहरू सजिलैसँग खेल-खेलमै धेरै कुराहरू सिक्न सक्षम हुन्छन्।

**प्रदर्शनी** (Demonstration):

प्रदर्शनी विधिमा सहभागीहरूलाई विभिन्न चित्र, मोडेल, चार्ट तस्वीर आदि देखाइन्छ । यस प्रकार चित्र, तस्वीर वा मोडेलद्वारा त्यो वस्तु कस्तो रहेछ भन्ने कुराको सहभागीहरूले अड्कल गर्छन्, जस्ले गर्दा सिक्ने-सिकाउने काम प्रभावकारी हुनुको साथसाथै सहभागीहरूलाई दृश्यात्मक कुराहरू हुने भएकोले रमाइलो पनि लाग्ने हुन्छ । मुखले बोलेको भन्दा देखेको वा आफैले छोएर गरेको कुरा धेरै समयसम्म सम्झिरहने हुन्छ ।

सन्दर्भ सामाग्री :
पेशागत स्वास्थ्य र सुरक्षा सम्वन्धी आधारभूत सर्वेक्षण प्रतिवेदन (२०१३)
व्यवसायजन्य सुरक्षा स्वास्थ्य सम्बन्धी प्रशिक्षण पुस्तक, आइएलओ महासन्धी,
औद्योगिक विधिशास्त्र, जिफन्ट प्रकाशन मर्यादित काम पुस्तक र श्रम ऐन २०४८(स.स.)

**भिडीयो प्रदर्शन** (Video Show):

सम्बन्धित बिषयवस्तुमा आधारित भिडीयो प्रदर्शन गर्न सकेमा क्रियाकलाप धेरै प्रभावकारी हुन्छ । आफूसँग नभएमा यस्ता भिडीयोहरू सम्बन्धित संस्थाहरूबाट प्राप्त गर्न सकिन्छ ।

## तालिममा प्रयोग गरिने सामग्री

यस पाठ्यक्रमले निम्नानुसार सामग्रीहरू प्रयोग गरेर तालिम सञ्चालन गर्न निर्देशन दिन्छ :

१. न्युजप्रिन्ट
२. मेटाकार्ड (विभिन्न रङका)
३. मार्कर (विभिन्न रङका), साइनपेन
४. एलसिडि
५. डकुमेण्ट्री,
६. बिषयवस्तुसँग सम्बन्धित चित्रहरू र कथाहरू/घट्ना
७. सेतो पाटी/कालोपाटी
८. कम्प्युटर
९. फिलिपचार्ट
१०. पावरप्वाईन्ट
११. अडियो

# मूल्याङ्कन

मूल्याङ्कनलाई पाठ्यक्रमको अभिन्न अङ्गका रूपमा लिइन्छ । यस अन्तर्गत मुख्य रूपमा सहभागीले सिकेका ज्ञान र सीप सम्बन्धी कुराको लेखाजोखालाई लिनु पर्छ । तालिमको शुरुमा लिइने पूर्व परीक्षा र अन्त्यमा लिने उत्तरार्ध परीक्षा बाहेक अरू परीक्षा लिन समय पुग्दैन । प्रत्येक क्रियाकलाप सञ्चालन गर्दा लगातार मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्छ । लगातार मूल्याङ्कन गर्दा सहभागीले सिकेका ज्ञान र सीपको लेखाजोखा गर्ने खालका प्रश्नहरूको उत्तर भन्न वा लेख्न लगाउने र कतिपय क्रियाकलापमा काम गर्न लगाएर सिके/नसिकेको पत्ता लगाई पृष्ठपोषण दिने गर्नु राम्रो हुन्छ ।